

# ३ वेचैन वा व्याकुलका मूल आधारहरु

<u>*यस अध्यायका मूल पदहरू:*</u> मत्ती १०:३१-३९, लूका १२:१३-२१, फिलिप्पी २:५-८, लूका २२:१४-३० र मत्ती २३:१-१३।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"जबसम्म (इसाई भनाउँदाहरूमा नै किन नहोस्) मानिसहरूमा डाह र स्वार्थपूर्ण अभिलाषा हुन्छ, त्यहाँ भाँड़भैलो र हरेक किसिमको भ्रष्ट काम हुन्छ" (याकूब ३:१६ रूपान्तरित)।**

लहरे पिपलहरू सुन्दर रूखहरू हुन्। तिनीहरू ४५-९५ फुट वा १५-३० मिटर अग्लोसम्म हुन्छ। तिनीहरू ठण्डा मौसम र चीसो गृष्मकालमा बढ्छन्। ती रूखका काठहरू फर्निचर वा टेबुल, झ्याल ढोका आदिहरूको निम्ति प्रयोग हुन्छ भन  कागज र सलाई बनाउन पनि प्रयोग हुन्छ। हरिण र अरू जनावरहरू ठण्डी मौसममा आफ्ना बच्चाहरूलाई त्यसका बोक्राहरू ख्वाउँछन् किनभने तिनीहरूमा धेरै पौष्टिक तत्वहरू हुन्छ। लहरे पिपललाई धेरै घाम चाहिन्छ, र तिनीहरू जहिले पनि बढिरहेको हुन्छ। जाडोमा पनि तिनीहरू बढिरहेका हुन्छन् जसले गर्दा विभिन्न जनावरहरूको निम्ति ती रूखहरू खानाको स्रोत हुन जान्छन्।

मानिसहरूको निम्ति ती रूखहरूको एउटा नराम्रो पक्ष छ, त्यो के भने तिनीहरूको जरा अत्यन्तै ठूलो र यत्रतत्र फैलिएको हुन्छ। यो रूखको जरा जमिनमा छिटै फैलिएर ठूलो भूमि ओगटेको हुन्छ। रूखहरू  आफै १५० वर्षसम्म बाँच्न सक्छ तर तिनीहरूका जराहरू जमिनमा हजारौं वर्षसम्म पनि बाँच्न सक्दछन्।

हाम्रा बेचैन वा व्याकुलताका जराहरू वा आधारहरू के हुन् भनेर यस अध्यायमा हामी नियाल्नेछौं। ख्रीष्टमा सत्य विश्राम पाउनबाट रोकिन धेरै वाधाहरू भएको हामी पाउँछौं। कतिपय त स्वःत देखिन्छ र त्यसको व्याख्या

गरिरहनुपर्दैन। अरूहरूचाहिँ अदृष्य वा थाहा नपाउने जस्ता देखिन्छ। लहरे पीपलको रूखको मुनि रहेका जराहरू हामीले नदेखेको जस्तै हामीहरूको हृदय, सोच, दिमाग वा विवेकमा यस्ता मनस्थिति र क्रियाकलापहरूले अड्डा जमाइरहेका हुन्छन् कि जसले गर्दा हामीलाई प्रभु येशूबाट टाढा राख्दछ।

## १. येशू आफैले स्पष्टरूमा भन्नुहुन्छ उहाँले बिभाजन ल्याउनुहुन्छ

झैँझगडा प्रायजसो कमैलाई मन पर्छ होला। हामी शान्ति, मिलन र तालमेलको भित्रैदेखि चाहना गर्छौं। हाम्रा चर्च वा संस्थाहरूमा शान्ति कसरी ल्याउने र झगडा कसरी समाधान गर्ने भन्ने जस्ता गोष्ठीहरू गर्दछौं।

**येशूले हाम्रो सामु तेर्स्याउनुभएको तितो सत्य मत्ती १०:३४-३९ पढ्नुहोस्। उहाँले शान्ति होइन तरवार ल्याउन उहाँ आउनुभएको भन्नुको अर्थ के हो? येशूलाई "शान्तिका राजकुमार" भनेर यशैया ९:६मा सम्बोधन गरिएको छ तर आफैचाहिँ युद्ध गर्न आउनुभएको रे, उहाँले के भन्न खोज्नुभएको हो? हेर्नुहोस्, "३४ "म पृथ्वीमा शान्ति ल्याउन आएको हुँ भनी नठान। शान्ति ल्याउन होइन, तर तरवार चलाउनलाई म आएको हुँ। ३५ किनकि म मानिसलाई उसका बाबुको विरुद्ध, र छोरीलाई उसकी आमाको विरुद्ध, र बुहारीलाई उसकी सासूको विरुद्ध गराउन आएँ। ३६ मानिसका शत्रु उसको आफ्नो परिवार भित्रकैहरू हुनेछन्। ३७ "जसले मलाई भन्दा बढ़ी आफ्ना बुबा वा आमालाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन। जसले मलाई भन्दा बढ़ी आफ्ना छोरा वा छोरीलाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन। ३८ जो आफ्नो क्रूस उठाएर मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको हुँदैन। ३९ जसले आफ्नो प्राण जोगाउँछ, त्यसले त्यो गुमाउनेछ, र आफ्नो प्राण मेरो निम्ति गुमाउनेले त्यो बचाउनेछ।"**

मत्ती १०:३४-३९मा येशूले खुलेआमारूपमा व्यक्त गर्नुभएको कथन त हामीलाई चकित पार्ने अन्तरज्ञान वा आत्मज्ञानभन्दा बिपरित देखिन्छ। हाम्रो मुक्तिदाता जो निरिह बालक भएर जन्मनुभयो, जो यथार्थमा शक्तिशाली राजा भएर आफ्ना वरिपरि सुसम्पन्न सुरक्षा गार्डहरूले घेरिएर शासन गर्नुपर्ने ठाउँमा, जसले आफ्ना छिमेकी र शत्रुहरूलाई प्रेम गर्नुपर्छ भनेर प्रचार गर्नुहुनेले अब उहाँले आफ्ना भक्तहरूलाई उहाँले विभाजन र विद्रोह वा संघर्ष ल्याउन आउनुभएको रे! उहाँको त्यो भनाईप्रति उहाँका चेलाहरू, उहाँलाई सुन्नेहरू र हामीलाई पनि अचम्म लाग्नु स्वभाविकै हो: यो कसरी हुन सक्छ?

तर गहिरिएर पढ्दा मत्ति १०:३५-३९मा यो वास्तविक तरवार भिड्न मानिसहरूलाई आह्वान गर्नुभएको होइन तर हाम्रो बफादारिता, निष्ठा र हाम्रो भक्तिको प्राथमिकता कोसँग छ भनेर उहाँले पर्दाफास गर्नुभएको हो। येशूले मीका ७:६को भनाईलाई नै उतार्नुभएको थियो। अनन्त जीवनको निम्ति निर्णय गर भनेर येशूले आफ्ना श्रोताहरूलाई चुनौति दिनुभएको थियो। छोराले आफ्ना बाबुलाई प्रेम गर्नुपर्छ र आदर गर्नुपर्छ। यो त मोशाले पहाडमै पाएको कानुनी प्रावधान हो। परिवारलाई स्थायीत्व दिन परमेश्वरका धेरै नीतिहरूमा यो नीति एक थियो। तर यदि येशूप्रति प्रेमको मोहनी श्रोताहरूमा भए उहाँको आदेश मान्नु कडा निर्णय देखिन्थ्यो। बाबु र आमाले आफ्ना छोराछोरीहरूलाई प्रेम गर्नुपर्छ र स्याहार गर्नुपर्छ। तर येशूप्रति समर्पित प्रेमभन्दा त्यो प्रेमले प्राथमिकता पायो भने उहाँको आदेश पालना गर्ने निर्णय कठिनै देखिन्छ। जुन पहिलो हुनुपर्थ्यो त्यही हुनुपर्छ भन्ने कुरो येशूले हामीलाई याद दिलाइरहनुभएको छ।

येशूले यो कथनको निर्णयलाई ग्रहण गर्न तीनवटा वाक्यहरू प्रयोग गरिएका छन्। ती तीनैवटामा *योग्य* भन्ने शब्द प्रयोग गरिएको छ। योग्य हुनु भनेको कुनै उच्च नैतिक आदर्श वा पापलाई जित्ने आधारमा होइन्दैन। येशू ख्रीष्टसँगको सम्बन्धमा नै योग्य भरपर्दछ। अरू सबैभन्दा माथि उहाँलाई हामीले चुन्यौं भने हामी योग्यको ठहरिन्छौं। हाम्रा बाबुआमा वा छोराछोरीहरूलाई भन्दा पहिला उहाँलाई चुन्नु सक्नु नै हामी योग्य ठहरिन जान्छौं। हामी क्रूसको दुःखमा सहभागी हुन्छौ हुन्छौं र येशूलाई पछ्याउँछौं (अर्थात् यदि हामीले येशूलाई प्रेम गर्न सिक्यौं भने हामीले अरूलाई उहाँले जस्तै प्रेम गर्न सिक्छौं। येशूले आफ्ना मित्रहरूको निम्ति जीवन दिनुभयो किनभने तिनीहरूलाई उहाँले प्रेम गर्नुहुन्थ्यो। यही खालको अरूलाई, परिवारलाई दिने प्रेम हामीमा हुन्छ जब हामीले येशूलाई पहिलो प्रेम गऱ्यौं र उहाँको त्यागमा हामी सहभागी हुन सिक्यौं भने-अनुवादकको थप जिज्ञासा)।

"शुद्ध वा चोखो धर्मको आत्मा वा जोशले प्रेरित भएर हाम्रा युवायुवतीहरू चलुन् भन्ने जस्तो मेरो महान् चाहना अरू छैन। शुद्ध र चोखो तथा निर्मलता र येशूको धार्मिकताको पोशाक ओढेर क्रूसलाई बोकेर येशूको पछि लाग्ने जोशमा अग्रसर हुनुपर्छ। यदि यस्तो समर्पणमा हाम्रा युवाहरू हिँड्न सक्यो भने हाम्रो मुक्तिदाताले तिनीहरूलाई तिनीहरूको प्रतिभा सुहाउँदो स्थानमा खटाउनुहुनेछ। तिनीहरू जहाँ धेरै उपयोगी हुन्छ त्यहाँ तिनीहरूलाई

उभ्याउनेछन्।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ५, पृ. ८७बाट रूपान्तरित।

**कहिलेकाहीँ हाम्रै इच्छा बिपरित क्रूस बोक्नुपर्ने हुन्छ त कहिलेकाहीँ स्वइच्छाले। तर जे भएतापनि क्रूसलाई विश्वाससाथ बोक्न के आवश्यक नीति चाहिन्छ?**

## २. स्वार्थीपना

लहरे पिपल वा अरू रूखहरूका भूमिगत ठूला ठूला जराहरू जस्तै मानिसको हृदय वा दिमागमा पनि एक किसिमको जरा गाडेको छ जुन अत्यन्तै बलियो र शक्तिशाली छ। प्रत्येक मानिसलाई त्यस जराले थामीराखेको देखिन्छ, त्यो जरा हो स्वार्थीपना जुन पापको एक प्रमूख भाग हो। त्यसले गर्दा नै प्रभु येशूमा पाइने सक्कली वा सत्य चैन वा विश्राम नपाओस् भनेर हामीलाई वाधा दिइरहेको हुन्छ। हामीले हाम्रो जीवनमा व्यक्त गर्न सक्ने पापका सबै भावनाहरूमा स्वार्थपना एकदम सजिलो र सहजैरूपमा प्रकट गर्न सक्छौँ, सक्दैनौँ र? हामी कतिपयको निम्ति स्वार्थपना सास फेर्नु जस्तै स्वाभाविक छ।

**येशूले एउटा अर्तीकथा भन्नुभएको लूका १२:१३-२१मा लेखिएको छ। त्यस कथामा के मूख्य समस्यालाई येशूले औँल्याउनुभएको थियो? भविष्यको निम्ति योजना बनाइरहँदा के स्वार्थीपनाले दिमागमा अड्डा जमाएर परमेश्वरको राज्यको बारेमा वेवास्ता गर्ने हो र? यदि होइन वा आवश्यक छैन भने येशूले हामीलाई कमसेकम के चेतावनी दिइरहनुभएको छ? हेर्नुहोस्, "१३ भीड़बाट एक जनाले उहाँलाई भन्यो, "गुरु, मेरा दाज्यूलाई भनिदिनुहोस्, र तिनले अंशबन्डा गरिदेऊन्।" १४ तर उहाँले त्यसलाई भन्नुभयो, "मित्र, कसले मलाई तिमीहरूमाथि न्याय गर्ने अथवा तिमीहरूको सम्पत्ति बाँड़िदिने तुल्यायो?" १५ उहाँले तिनीहरूलाई भन्नुभयो, "होशियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर, किनकि मानिसको जिन्दगी उसको धन-सम्पत्तिको प्रशस्ततामा रहँदैन।" १६ उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो, "कुनै एक जना धनी मानिसको जमिनमा प्रशस्त उब्जनी भयो। १७ त्यसले मनमनै गुन्न लाग्यो, 'मेरो अन्न राख्ने ठाउँ मसित छैन, अब म के गरूँ?' १८ तब त्यसले भन्यो, 'म यसो गर्नेछु– आफ्ना ढुकुटीहरू भत्काएर झन् ठूला-ठूला बनाउनेछु, र मेरा सबै अनाज र मालसामान त्यहीँ राख्नेछु। १९ अनि म आफ्नो प्राणलाई भन्नेछु, "ए**

**प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर"।'**

**२० "तर परमेश्वरले त्यसलाई भन्नुभयो, 'ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरू तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने?' २१ "आफ्नो निम्ति धन-सम्पत्ति थुपार्ने, तर परमेश्वरको दृष्टिमा धनी नहुने मान्छेको अवस्था यस्तै हुन्छ।"**

यो अर्तीकथा केवल लूकाको सुमाचारमामात्रै देखा परेको छ। भिडबाट एक जना अनामिकाले प्रश्न गर्दा उसको जवाफमा येशूले यो कथा भन्नुभएको थियो। आफूलाई अंशबन्दाको मामिलामा हस्तक्षेप गर्न एक जना मानिसले येशूलाई अनुरोध गरेको थियो। तर आफू कसैको अंशबन्दा वा व्यक्तिगत पारिवारिक मामिलामा हस्तक्षेप गर्न आएको होइन भनेर येशूले स्पष्ट जवाफ दिनुभएको थियो। तर येशूले आफ्नो औंला ठूलो समस्याको जरामा घुसार्नुभएको थियो। त्यो थियो, स्वार्थीपना। हाम्रो व्यक्तिगत क्रियाकलापको गहिरो जरा के हो भनेर उहाँले खनेर नै देखाउनुभएको थियो।

**तपाईंको जीवनमा तपाईंले देखाउनुभएको स्वार्थलाई व्यक्त गर्नुभएको समयलाई सोच्नुहोस्। स्वार्थपनाले परमेश्वर, दम्पत्तिमा, परिवारमा र चर्चको परिवार र छिमेकी र सहकर्मीहरूसँगको सम्बन्धलाई कसरी प्रभाव पार्दछ? त्यो नहुन फिलिप्पी २:५-८लाई कसरी आत्मसात् गर्ने? हेर्नुहोस्, "५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।"**

आफ्नै आवश्यकता र महत्वाकाँक्षालाई केन्द्रित गर्दा येशूको अर्तीकथाको अनामिका धनी मानिसले अदृश्य स्वर्गको वास्तविकतालाई बिर्सेको थियो। ठूलो हुने, नाउँ कमाउने, प्रख्यात हुने, अरूसँग प्रतिस्पर्दा गरेर आफूलाई उच्च स्थानमा राख्ने वा आफ्नो भाऊ बढाउने नीति परमेश्वरको राज्यको आधार नीतिहरू होइनन्। हाम्रो सट्टामा मर्न येशू कुन मनस्थितिले गर्दा होच्चिन राजी हुनुभयो भनेर पावलले हामीलाई अलिकति झलक दिन्छन्।

फिलिप्पी २:५-८मा हामीलाई निस्वार्थपना, नम्रता र प्रेमको नक्सा होरिदिएका छन्। यदि परमेश्वरप्रति र अरूप्रतिको प्रेमले हामीलाई घचेटिएर

हाम्रा निर्णय र प्राथमिकताहरूलाई स्थान दिएनौं भने हामी झन झन धन थुपार्ने होडबाजीमा चल्छौं र स्वर्गमा भएको धनप्रति कम कम ध्यान दिन थाल्छौं (मत्ती ६,२०)।

**धनी हुन वा भौतिक सुविधासम्पन्न हुने होडबाजीमा लाग्न किन सजिलो छ? हो हाम्रो जीवन निर्वाह गर्न हामी सबैलाई पैसाको आवश्यक छ त्यसैलाई नै मध्यनजर राख छ दिन काम गर भन्ने त परमेश्वरको आदेशै हो। तर हामी लोभको भूमरीमा परेर धन थुपार्ने काममा लागेको लागै किन हुन्छौं?**

## ३. महत्वाकांक्षा

यस संसारमा रहनुहुँदा येशूको अन्तिम हप्ताको सेवाकार्य सम्झिरहनु जहिले पनि उत्साह र प्रेरणाको स्रोत भएको हामी महसुस गर्छौं। उहाँलाई क्रूसमा टाँग्नुभन्दा चेलाहरूसँग अन्तिम समय बिताउनुभएको दृश्य आत्मिक र मानसिक जीवनको निम्ति अत्यन्तै महत्त्वपूर्ण छ। व्याकुलता र महत्त्वाकाँक्षाले मानिसहरूलाई खराब काम गर्न र सुन्न कसरी अग्रसर गराउँदो रहेछ भनेर फेरि येशूको यही अन्तिम हप्ताको चित्रणले देखाउँदछ।

**येशू तीन वर्ष बढि आफ्ना चेलाहरूलाई परमेश्वरको प्रेम र चाहनाको बारेमा अनेकौं शिक्षादीक्षा सिकाउनुभएको थियो तर उहाँको अन्तिम हप्तामा चेलाहरू को भन्दा को ठूलो भन्ने कुरामा हानथाप गरिरहँदा येशूलाई कस्तो चित्त दुख्यो होला? अत्यन्तै संवेदनशील क्षणमा चेलाहरूको ध्यान मानव महानतातिर किन गएको होला? हेर्नुहोस् लूका २२:१४-३० "१४ अनि जब बेला भयो, तब उहाँ प्रेरितहरूसँग भोजन गर्न बस्नुभयो। १५ उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले दुःख भोग्न अघि नै यो निस्तार-चाड़को भोजन तिमीहरूसँग खाने ठूलो इच्छा गरेको थिएँ, १६ किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्यमा यो पूरा नहोउञ्जेल म यो भोज फेरि खानेछैनँ।" १७ तब कचौरा लिएर धन्यवाद चढ़ाउनुभएपछि उहाँले भन्नुभयो, "यो लेओ, र तिमीहरू आपसमा बाँड़। १८ किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य नआउञ्जेल अब उप्रान्त अङ्गुरको रस म पिउनेछैनँ।" १९ अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढ़ाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरूलाई यसो भन्दै दिनुभयो, "तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो। मेरो सम्झनामा यो गर्ने गर।" २० यसै गरी खाइसक्नुभएपछि उहाँले कचौरा लिनुभयो र भन्नुभयो, "यो कचौरा तिमीहरूका निम्ति बगाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो। २१ तर हेर,**

**मलाई पक्राउनेको हात मैसँग टेबिलमा छ। २२ किनकि मानिसको पुत्र त ठहराइएअनुसार जानैपर्छ, तर धिक्कार त्यस मानिसलाई, जसले उसलाई धोका दिन्छ।" २३ यस्तो काम गर्ने तिनीहरूमध्ये को होला भनी तिनीहरू आपसमा बहस गर्न लागे। २४ अब तिनीहरूमध्ये सबैभन्दा प्रमुख को गनिने हो भनी चेलाहरूका बीचमा वाद-विवाद हुन लाग्यो। २५ उहाँले तिनीहरूलाई भन्नुभयो, "अन्यजातिका राजाहरूले तिनीहरूमाथि प्रभुत्व गर्छन्, र तिनीहरूमाथि अधिकार चलाउनेहरू 'उपकारी' भनिन्छन्। २६ तर तिमीहरूचाहिँ यस्तो नहोओ। तिमीहरूमध्ये जो ठूलो छ, त्यो सानो बनोस्, र अगुवा हुनेले चाहिँ सेवा गरोस्। २७ किनभने ठूलो को हो? भोजन खान बस्ने कि सेवा गर्ने? के भोजन खान बस्ने होइन? तर म तिमीहरूका बीचमा एक जना सेवा गर्नेजस्तै छु। २८ "तिमीहरूचाहिँ मेरो परीक्षामा मलाई साथ दिनेहरू हौ। २९ जसरी मेरा पिताले मलाई एउटा राज्य दिनुभयो, म पनि तिमीहरूलाई दिन्छु, ३० ताकि मेरो राज्यमा तिमीहरू मेरो टेबिलमा खाने र पिउनेछौ, र इस्राएलका बाह्र कुलको न्याय गरेर सिंहासनहरूमा बस्नेछौ।"**

हामीमा सबभन्दा ठूलो को होला भनेर छलफल गरिने काम हामीले परिवारमा, कार्यालयमा वा चर्चमा कमै गर्छौं। यसको बारेमा हामी धेरै सोच्छौं होला। तर प्रायजसो सबैले सुन्ने गरेर यसरी को बोल्छ होला र?

येशूका चेलाहरूमा आफ्नो भाऊ खोज्ने मनस्थिति यो पहिलो पल्ट थिएन। मत्ती १८:१मा चेलाहरूले येशूकहाँ परमेश्वरको राज्यमा सबभन्दा ठूलो को होला भनेर ल्याएको प्रश्न उल्लेख गरिएको छ। (भित्री मनमा तिनीहरू आफैमा सबभन्दा ठूलो को होला भन्ने सुन्न चाहेका थिए)। तर त्यसको जवाफ येशूले जसरी दिनुभयो हृदयविदारकमात्र नभएर मानिसको घमण्ड वा महात्वाकाँक्षालाई चुर गर्ने खालको थियो जसबाट हामी सबैले निम्ति पाठ सिक्नु अत्यन्तै अनिवार्य छ। उहाँले एउटा सानो बालकलाई बोलाउँदै चेलाहरूको बीचमा राख्नुहुन्छ। सबैका आँखाहरू ठूला ठूला हुन्छन्; तिनीहरूले आआफ्ना आँखिभौंहरू उठाउँछन्। येशूले के गर्न खोज्नुभएको थियो सो सबैले देख्न र सुन्न चाहेका थिए। मत्ती १८:३मा तिनीहरूको जिज्ञासा यसरी मेटाउनुहुन्छः "३ उहाँले भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरू साना बालकहरूजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ। ४ जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ। ५ जसले मेरो नाउँमा एउटा

यस्तो बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ।" (उहाँले यही कुरा मत्ती २५:४०मा जिकिर गर्नुभएको थिय)।

आत्मपरिवर्तन वा मन परिवर्तन (जसलाई अङ्ग्रेजीमा कनभर्जन conversion भनेर प्रायजसो सम्बोधन गरिन्छ र प्रायजसो अरू धर्मबाट इसाई धर्ममा ल्याउने प्रक्रियालाई जनाउँछ जुन कुरो बालकलाई के थाहा छ र?- अनुवादकको प्रतिक्रिया) येशूमा सत्य विश्राम पाउन खोज्ने जग हो। हामीलाई हामीभन्दा बाहिरको शक्तिको सहयोग चाहिन्छ भनेर त्यसबेला महसुस गर्छौं जब हामी बालक जस्तै हुन्छौं। जब हामी यस स्थितिको अनुभव गर्छौं तब हामी आफैले आफैमाथि भर पर्न सक्दैनौं तर येशूमाथि भर पर्नुपर्छ भन्ने आत्मज्ञानको महसुस गर्दछौं। हामीहरूको मूल्यमान्यता, आदर्श सोच र महात्वाकाँक्षाहरूमा परिवर्तन वा काँचुली फेरिएको हुन्छ। येशूले उहाँका चेलाहरूलाई यो भन्न खोजिरहनुभएको छः ममाथि भरोसा राख र यस बालकलले जस्तै ममाथि भर पर। सत्य महानता भनेकव आफ्ना अधिकारहरूलाई छोड्नु र परमेश्वरको राज्यको मूल्य, मान्यता र आदर्शलाई अङ्गाल्नु हो।

दुर्भाग्यवस, येशूको अन्तिम दिनसम्म वा अन्तिम खानासम्म पनि चेलाहरूले यो नीति सिकेका थिएनन्। तिनीहरूको आआफ्नो कचकच, को भन्दा को ठूलो जस्तो होडबाजीले गर्दा येशूसँग अन्तिम सिद्ध बातचित वा सङ्गति गर्ने अवसर तिनीहरूले गुमाए जुन त्यस परिस्थिति कहिल्यै पनि दोहोरिने थिएन।

यो पनि, येशूसँग वर्षौंसम्म रहँदा, उहाँसँग सेवाकार्यमा संलग्न हुँदा र उहाँका पाऊहरूमुनि बसेर सुन्दा र सिक्दा उहाँको स्वभाव वा दर्शनलाई तिनीहरूले बुझ्न सकेका थिएनन्। मानव हृदय कतिको भ्रष्ट रहेछ भन्ने त्यो ज्वलन्त उदाहरण कस्तो दुःखलाग्दो छ! फेरि अर्को सकारात्मक पक्ष पनि हेरौं। चेलाहरूको त्यस कहाली अवस्थाको छलफलको बावजुद पनि येशूले तिनीहरूलाई त्याग्नुभएन। यसले उहाँको सदाशयता र अनुग्रहको निरन्तर उपस्थितिको वास्तविकतालाई औंल्याउँदछ।

**हामी मानव जाति आफ्नो भाऊ खोज्ने प्रवृत्ति, अरूलाई दवाएर आफू माथि पुग्ने मनस्थितिको शिकारमा परिरहेका हुन्छौं। यदि त्यसबाट उम्किन चाहन्छौं भने येशूको क्रूसमा नै मध्यनजर राखेर हिँड्नु हाम्रो निम्ति शक्तिशाली औषधी किन हुनसक्छ?**

## ४. पाखण्डीपना वा ढोंगी

यदि कोही मानिस नाटक गर्छ वा आफू को होइन तर हुँ भनेर देखाउन खोज्नु र अरूलाई आदर्शको भाषण छाँट्ने आफूचाहिँ लुकिछिपी आफूले पढाएको पाठ बिपरित चल्छ भने त्यसलाई पाखण्डी वा ढोंगी भन्दछ। यो शब्द येशूले मत्ती २३ अध्यायमा सात पल्ट प्रयोग गर्नुभएको छ। शास्त्री र फरिसी पण्डितहरूसँग (हाम्रो भाषामा स्वामी) येशूले तिनीहरूको चालचलनको सार्वजनिकरूपमै पाखण्डी भनेर भनेर भन्डाफोर गर्नुभएको थियो। ती शास्त्री र फरिसीहरू यहूदी धर्मको नेतृत्ववर्गको मूल समूह थिए (मत्ती २३:१३,१३,१५,२३,२५,२७,२९)। व्यभिचारीहरू, कर लिने वा सरकारी कर्मचारीहरू, जिऊ मास्नेहरू, हत्याराहरू र अरू पापीहरूलाई येशूले अनुग्रह र क्षमा प्रदान गर्नुहुन्छ भनेर सुसमाचारका पुस्तकहरूले हामीलाई बताउँछ भने पाखण्डीपना र धर्मको नाउँमा ढोंगी हुनेहरूलाई उहाँले कमै सहनशीलता देखाउनुभएको हामी पाउँछौं (हेर्नुहोस् अरू पदहरू पनिः मत्ती ६:२,५,१६; मत्ती ७:५, मत्ती १५:७-९; मत्ती २२:१८)।

**मत्ती २३:१-१३ पढ्नुहोस् र ती पदहरूमामात्र पाखण्डी वा ढोंगीहरूका चार मूख्य स्वभावहरू के रहेछन् भनेर येशूले औंल्याउनुभएको हेर्नुहोस्, "१ तब येशूले भीड़हरू र आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः २ "शास्त्रीहरू र फरिसीहरू मोशाको आसनमा बस्तछन्। ३ यसकारण तिनीहरूले भनेका कुरा गर र मान, तर तिनीहरूले गरेजस्तो चाहिँ नगर, किनकि तिनीहरूले शिक्षा त दिन्छन्, तर त्यसअनुसार गर्दैनन्। ४ तिनीहरूले गह्रौं र बोक्न नसक्ने भारी बाँधेर मानिसहरूका काँधमा राखिदिन्छन्। तर तिनीहरू आफैंचाहिँ ती उठाउनलाई एक औंलाले पनि छुँदैनन्। ५ "तर तिनीहरू आफ्ना सारा काम मानिसहरूलाई देखाउनलाई गर्दछन्। किनभने तिनीहरू आफ्ना निधार र नाडीमा व्यवस्था-पत्री ठूला बनाउँछन्, र आफ्ना वस्त्रका झुम्काहरू लम्म्याउँछन्, ६ भोजहरूमा तिनीहरू सम्मानका स्थान र सभाघरहरूमा प्रमुख आसनहरू मन पराउँछन्, ७ बजारहरूमा अभिवादन खोज्छन् र मानिसहरूले गुरु भनेका रुचाउँछन्। ८ "तर तिमीहरूलाई कसैले 'गुरुज्यू' नभनोस्, किनकि तिमीहरूका शिक्षक एउटै हुनुहुन्छ, र तिमीहरूचाहिँ सबै दाजुभाइ हौ। ९ तिमीहरू पृथ्वीमा कसैलाई आफ्ना पिता नभन, किनकि स्वर्गमा तिमीहरूका एउटै पिता हुनुहुन्छ। १० तिमीहरूलाई कसैले 'मालिक' नभनोस्, किनकि तिमीहरूका एकमात्र मालिक ख्रीष्ट नै हुनुहुन्छ। ११ तिमीहरूमध्ये जो सबैभन्दा उच्च छ, त्यो तिमीहरूको**

**सेवक हुनेछ। १२ जसले आफूलाई उच्च पार्छ, त्यो होच्याइनेछ, र जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ। १३ "धिक्कार, तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू मानिसहरूका सामुन्ने स्वर्गका राज्यको ढोका बन्द गर्दछौ। तिमीहरू न त आफै पस्तछौ, न पस्न चाहनेहरूलाई पस्न दिन्छौ।"**

येशूले शास्त्री र फरिसी पण्डितहरूका चार चरित्रहरू औंल्याउनुभएको छ। प्रथम् शताब्दीकव यहूदी धर्ममा फरिसीहरू कट्टर धार्मिक समूहमा गनिन्थ्यो र यहूदी धर्ममा तिनीहरूकोमात्रै अधिकार भएको दावी गर्दथे। तिनीहरू लिखित र मौखिक व्यवस्था र विधि अनुसार शुद्ध गर्नुपर्ने नीतिमा चासो राख्दथे। फेरि अर्को धार्मिक समूह पनि थियो जसलाई सदुकीहरू भनिन्थे। तिनीहरू प्रायजसो धनी अगुवाहरू थिए साथै तिनीहरू शिक्षित पूजारी वर्गमा तिनीहरूलाई गनिन्थे। तिनीहरू उच्चरूपमा हेलेनी अर्थात् ग्रीक सभ्यताको उपज थिए। तिनीहरू ग्रीक भाषा बोल्थे र ग्रीक दर्शनहरूमा पोख्त थिए। तिनीहरू परमेश्वरले गर्नुहुने न्याय वा मानिस मरेपछि के हुन्छ भन्ने कुरामा विश्वास गर्दैनथे। तिनीहरू उदारवादी भनेर हामी भन्छौं। दुवै फरिसी र सदूकीहरू पाखण्डी वा ढोंगीहरूको दर्जामा येशूले राख्नुभएको थियो।

हामीले जे विश्वास गर्छौं वा (बप्तिस्माको समयमा सपथ खाएर त्यस अनुसार नचल्ने वा नैतिकरूपमा चल्न वाध्य नहुने) र हामी जे भन्छौं त्यही अनुसार हामी नचल्ने तर अरूलाईचाहिँ चल्न धार्मिक नियमहरू लाड्ने आफूहरूचाहिँ ती नीतिहरू अनुसार नचल्दा येशूले हामीलाई पनि पाखण्डी वा ढोंगी भन्नुहुन्छ। यस्ता मानिसहरूले अरूहरूको (वा चर्चबाटै) श्यावास, कदर, धार्मिक सम्मान, आदर र ढोग खोज्छन् जुन हाम्रो परमेश्वर पितामात्रै योग्यको हुनुहुन्छ।

येशूले तिनीहरूलाई तितो र तिखो बोलीले सम्बोधन गरि तिनीहरूलाई पाखण्डी वा ढोंगी भनेर लाञ्छना लगाएतापनि तिनीहरूप्रति उहाँको माया र चासो देखाउनुभएको थियो।

"जब येशूले मन्दिरतिर असल होस् भन्ने लालायीत आँखाले हेर्नुभएको थियो र श्रोतावर्गहरूमा उहाँले नजर राख्नुभएको थियो त्यसबेला परमेश्वरको पुत्रको अनुहारमा स्वर्गिय दया र करुणाले भरिएको देखिएको थियो। हृदयदेखि चित्कार गरेर र गहभरि आँशु झारेर येशूले यो दुःख व्यक्त गर्नुभएको थियो, "ओ यरुशलेम, यरुशलेम, तिमीले अगमवक्ताहरूलाई मार्‍यौ र तिमीहरूकहाँ

पठाइएका जनहरूलाई तिमीहरूले ढुङ्गाले हान्यौ, मे कतिपटक छोराछोरीहरूलाई जम्मा गरेको जस्तै तिमीहरूलाई जम्मा गर्न खोजें, जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई आफ्ना पखेटाहरूमाथि जम्मा गर्ने खोज्छ तर तिमीहरूलेचाहिँ वास्ता पनि गरेनौ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* ६२०बाट रूपान्तरित।

**येशूले यहाँ धार्मिक अगुवाहरूलाई पाखण्डी वा ढोंगी भनेर भन्डाफोर गर्नुभएको थियो तर हामी पनि त्यही दोषको पङ्क्तिमा नरहन धार्मिक अगुवा नै हुनुपर्छ भन्ने किन छैन? हामी जो सुकै भएतापनि त्यस खालको पाखण्डीपना हामीमा छ भनेर हामीले कसरी देख्ने र त्यसबाट हामी कसरी मुक्त हुने?**

## ५. वेचैन वा व्याकुलतालाई जरैदेखि उखेलिने

**यूहन्ना १४:१-६ पढ्नुहोस्। हामी बेचैन छौं, आफ्नो जीवनमा होस् वा संसारको परिस्थितिलाई हेर्दा हामी व्याकुल छौं। हामीहरूको हृदय डगमगिएको छ। तर हाम्रो दुःखद हृदयलाई थामी राख्न हामी के गर्न सक्छौं? हामीमा भएका स्वार्थपना, महात्वाकाँक्षा, पाखण्डीपना वा ढोंगीपना, एक आपसमा विभाजनबाट राहत पाउन वा तिनीहरूमाथि विजयी हुन र सत्यरूपमा विश्राम पाउन मूख्यतः हामीले के गर्नुपर्छ? हेर्नुहोस्, "१ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ। ४ जहाँ म गइरहेछु, तिमीहरू त्यहाँ जाने बाटो चिन्छौ।"**

हामीमा भएका व्याकुलता र बैचैनीलाई जित्न जहिले पनि येशूबाट सुरू गर्नुपर्छ। उहाँ नै बाटो, सत्य र जीवन हो। यस संसारको अनेकौं सञ्चार माध्यमहरूको जङ्गलमा हामी भौंतारिरहेका छौं, हामी कता जाने र कता गइरहेकाछौं थाहा नपाएर लक्ष्यविहिन भएर चलिरहेकाहरूको निम्ति कहाँ जाने, के गर्ने भनेर येशूले ठीक निर्देशनहरू दिनुहुन्छ; व्यवस्था वा दश आज्ञाहरू दिनुहुने येशू उहाँ आफै सत्यलाई व्यक्तित्वमा उतारिनुभएको हो। उहाँको आत्माले हामीलाई सबै सत्यतिर अगुवाई गर्नुहुन्छ (यूहन्ना १६:१३)। जब हाम्रो दिलमा चोट लाग्दछ, थकान र पेलान हुन्छौं, बिमार र निराश

हुन्छौं, अर्थमूलक जीवन जिउने तत्व नै हाम्रो जीवनबाट बिलाउँछ तब यदि हामी उहाँकहाँ आयौं भने उहाँले हामीलाई हामीलाई नयाँ जीवन दिनुहुन्छ किनभने उहाँ जीवन हुनुहुन्छ, उहाँ अरू जस्तो केवल सास फेर्ने जीवन होइन तर जीवनको स्रोत हुनुहुन्छ र उहाँमा सञ्जिवनी औषधी छ। अझ भनौं भने उहाँले हामीलाई प्रसस्त वा हामीले ठाम्न सक्नुभन्दा पनि बेसि जीवन दिनुहुन्छ। यो उहाँको प्रतिज्ञा हो (यूहन्ना १९:१९)। यसमा हाम्रो अनन्तको घर र अनन्त जीवन समावेश भएका छन्। तर ती केवल भविष्यको लागिमात्र होइन अहिले बर्तमान जीवनमा नै उहाँले गुणस्तर र आदर्श जीवन दिनुहुन्छ। धेरै र हामीले नाप्नेभन्दा पनि अधिक गुणिलो जीवन दिन हाम्रो सृष्टिकर्ता उत्सुक हुनुहुन्छ।

याद गर्नुहोस्, "तिम्रो हृदय बेचैन वा व्याकुल नहोस्" भन्ने येशूको सल्लाह होइन तर उहाँको निम्तो हो जसमा उहाँको जीवनसँग हाम्रो जीवन सहभागी हुन उहाँले अपेक्षा गर्नुहुन्छ। जब हामी निराश हुन्छौं, तल्लोस्तरमा गिरेका जस्तो हुन्छौं, सबैले हेपिएर बेकारको जीवन जस्तो हामी ठान्छौं तब उहाँले हामीलाई उचालेर माथि राख्नुहुन्छ (जसरी कनानी स्त्री आफूलाई कुकुर ठानेकी थिइन् तर येशले उचालेर उनलाई 'नारी" भन्ने उनको आत्मालाई उचाल्नुभयो-अनुवादकको थप)। जब हामी अन्धकार र पापसँग संघर्ष गरिरहेका हुन्छौं तब उहाँ जसले आफ्नो असल काम हामीमा सुरू गर्नुभयो त्यो उहाँले फत्ते गर्नुहुनेछ (फिलिप्पी १:६)।

यस संसार जतिसुकै खराब भएतापनि अझ अचाक्लिरूपमा दुष्ट, खराब परिस्थितिमा हामी होमिन परेतापनि येशूले हामीलाई दिनुभएको प्रतिज्ञा सोच्नुपर्छ। उहाँले हाम्रो निम्ति ठाउँ तयार पारिरहनुभएको छ। त्यो ठाउँमा हाम्रो दुःख, पीडा, व्याकुलता, कष्ट, शोक आदि सबै सदाको निम्ति बिलाएर जानेछन्। येशू ख्रीष्टमा हामीलाई यही आशा दिलाएको छ। हाम्रो पृष्ठभूमि जेसुकै होस्, हामी जोसुकै होऔं, हामी जुनसुकै अवस्थामा अहिले हामी गुज्रिरहेका भएतापनि वा जतिसुकै पतित हामी भएतापनि हामीलाई नयाँ जीवन दिने प्रतिज्ञा येशूले दिनुभएकोछ। त्यसलाई गुमाउँदा हामी आफैले जीवनको जोखिम भोगिरहनुपरेका हुन्छौं।

येशूले हामीलाई मूल मन्त्र वा मूख्य वचन दिनुभएको छ कि यदि हामी परमेश्वरकहाँ हाम्रा पीडाहरू, कमजोरीहरू, हृदयका चोटहरू, पतित र नैराश्य जीवन र टुक्रिएको जीवन लिएर आयौं भने ती सबै थोकको बाबजुद

पनि उहाँले हामीलाई स्वीकार गर्नुहुन्छ। अनुग्रहको परिभाषा यही हो। यदि हामीले यसलाई विश्वास तथा आस्थद्वारा खोज्यौं भने परमेश्वरको त्यस अनुग्रह र सदाशयतालाई हामी उपभोग गर्न सक्छौं।

**परमेश्वरले हामीलाई के गर भन्नुभएको छ र त्यसको जवाफ हामीले कसरी दिने? हेर्नुहोस्, यर्मिया ३:२२ "हे अविश्वासी मानिस हो, फर्क, तिमीहरूको विश्वासघातबाट म तिमीहरूलाई निको पार्नेछु।" "हवस्, हामी तपाईंकहाँ फर्केर आउनेछौं, किनकि तपाईं परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ।"**

**"म फेरि फर्केर आउनेछु र तिमीहरूलाई म लैजानेछु र म जहाँ छु तिमीहरूलाई त्यहीं पनि तिमीहरू हुनेछौ" (यूहन्ना १४:३ रूपान्तरित) भन्ने येशूका वचनहरू ध्यान दिएर सोच्नुहोस्। येशू ख्रीष्टको दोस्रो आगमन नभैनहुने भनेर येशूको शिक्षादीक्षाको केन्द्रविन्दु र निर्णायक दर्शनलाई हामीले के भन्ने? मृत्युबारे हामीमा जानकारी भएका एडभेन्टिस्टहरूलाई विशेष गरेर यस सन्देशले के भन्छ? हाम्रो निम्ति येशूको दोस्रो आगमनको प्रतिज्ञा किन अत्यन्तै अमूल्यको छ?**

## उपसंहार

"यदि कोही मानिस स्वार्थी छ र आफ्नोमात्र भाऊ खोज्ने वा मैमात्र ठूलो भनेर आफूलाई केन्द्रित बनाउँछ भने त्यस व्यक्तिमा आत्मिक विकाश वा उसको जीवन फलदायी हुन सक्दैन। यदि तपाईंले येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाता भनेर ग्रहण गर्नुहुन्छ भने तपाईंले आफूलाई बिर्सिदिनुपर्दछ र अरूलाई सहायता गर्न अग्रसर हुनुपर्दछ। येशूको प्रेमको बारेमा चर्चा गर्नुपर्छ, उहाँ कतिको असल हुनुहुन्छ सो अरूलाई भन्नुपर्छ। जे काममा आफूलाई संलघ्न गराएको छ त्यसमा लगनशील भएर खट्नुहोस्। तपाईंको हृदयमा अरूको मुक्तिको भार बोक्ने बानी बसादल्नुहोस्, तपाईंको शक्ति र स्रोतले भ्याएसम्म पापमा भौंतारिएकाहरूको उद्धारको निम्ति प्रयत्नशील हुनुहोस्। जब तपाईंमा येशूको आत्मालाई ग्रहण गर्नुहुन्छ-निस्वार्थी प्रेमको आत्माले भर्नुहुन्छ र अरूको निम्ति परिश्रम गर्नुहुन्छ-तपाईं बढ्नुहुनेछ र धेरै फलहरू फलाउनुहुनेछ। तपाईंको चरित्र र स्वभावलाई पवित्र आत्माको अनुग्रहले पाको बनाइनेछ। तपाईंको विश्वास बढ्नेछ, तपाईंको आस्था र विश्वासहरू गहिरिनेछ, तपाईंको प्रेम सिद्ध र पक्का हुनेछ। जे सफा, शुद्ध, आदर्श र मायालु वा प्रेमिलो छ त्यसमा तपाईंले येशूको स्वभाव वा चरित्र झन झन

चम्काउनुहुनेछ।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ. ६७,६८बाट रूपान्तरित।

चर्चका सदस्यहरूको बीचमा हुने विभिन्न विषयहरूको मामिलामा एलेन जी ह्वाइट भन्नुहुन्छ " विश्वासीहरू घन्टौंसम्म कम महत्त्वका विषयहरूमा बादबिवाद गरिरहन्छन्, र तिनीहरूको समयमात्र बरबाद तिनीहरूले गरिरहेका हुँदैनन् तर परमेश्वरका सेवकहरू पनि तिनीहरूलाई सुन्न बाध्य पारिरहेका हुन्छन्। यस्तो वातावरण त्यसबेला सृजना हुन्छ जब छल वा वादविवाद गर्नेहरूका हृदयहरू अनुग्रहको मातहतमा हुँदैन। यदि घमण्ड वा अहँकारीता र स्वार्थपनालाई एकातिर पन्छाइयो भने कुनै पनि कठिन विषयहरू पाँचै मिनेटमा समाधान हुनसक्छ।"-एलेन जी ह्वाइट, *अर्ली राइटिङ्गस्,* पृ. ११९बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. स्वार्थीपनाबाट कसरी उम्किने त्यसको व्यवहारिक उपायहरूको बारेमा सोच्नुहोस्। ती उपायहरू केवल सैद्धान्तिक वा कुरामात्र नभएर वास्तविकरूपमै कसरी उतार्ने?**

**आ. महत्त्वाकाँक्षा वा उपलब्धीको उच्च सिखरमा पुग्नु आफै नराम्रो होइन। फेरि त्यसै बखत महत्त्वकाँक्षाको धरापमा नपरि त्यसमै लिप्त नभइ परमेश्वरबाट महान् कुरोहरू पाउन र तिनीहरूमा हामी कसरी सहभागी हुने?**

**इ. प्रायजसो हामीले हाम्रा महत्त्वाकाँक्षा, पाखण्डीपना वा ढोंगीमना, स्वार्थपना र डाह तथा ईख बाहिरबाट देखाउँदैनौं। बाहिर ठीक्क पारेर चल्न हामी धेरै सक्षम् छौं। लहरे पिपलको जराहरू जस्तै ती सबै नकारात्मक स्वभावहरू हाम्रो हृदय वा दिमागको मुनि फैलिरहेका हुन्छन्। परमेश्वरको आत्माले अगुवाई गरिएका मानिसहरूको परिवर्तित चरित्रलाई व्यवहारिकरूपमा कसरी देखाउँदछ?**

**ई. येशूको दोस्रो आगमनको महत्त्वको बारेमा ध्यान दिनुहोस्। उहाँको आगमनबिना हामीमा हुने आशाको महत्त्व के छ र? यदि उहाँको दोस्रो आगमन भएन भने पहिलो आगमनमा गर्नुभएको कामको महत्त्व के छ र मरेकाहरू पुनरुत्थान नहुञ्जेल सुतिरहन्छ भन्ने शिक्षाको अर्थ के नै हुन्छ र?**

## कथा ३
## तिमी एक्लै छैनौ
## अलियान्ड्रा, १७ आरिजोना



मेरो बालककालभरि मैले यस्तो अनुभवहरू गरें जुन बालबालिकाहरूले गर्नु आवश्यक थिएन। कतिपय ठूलाबडाहरू जाँड रक्सी पिएको, लागुपदार्थ खाएको, चुरोठ खाएको मैरै देखेको थिएँ। तिनीहरू त अझ बहुला जस्तै भएका थिए। जाँडरक्सी, चुरोठ र लागु पदार्थको लतमा लागेका मानिसहरूको दिमाग राम्रोसँग काम नगरेको मैले देखेको थिएँ। केही छिनको निम्ति भएपनि आनन्द लिन गाँजा तान्ने मानिसहरू पनि मैले देखेको थिएँ। मेरी आमा अमेरिकाको आदिवासी नाभाहो हुन् र मेरो बुबा मेक्सिकन अर्थात् अमेरिकाको छिमेकी देश मेक्सिकोबाट आएका थिए। सुरुमा हाम्रो परिवार अत्यन्तै असल र मायालु थियो। हामी प्रत्येक आइतबार चर्च जान्थ्यौं। अनि मेरी आमाले अलिअलि जाँडरक्सी पिउन थालिन्। त्यसले गर्दा सबै थोक भताभुङ्ग हुन थाल्यो। म सानी हुँदा मेरो बुबाले मेरी आमालाई हातले र लट्ठीले बेसरी हिर्काउनुहुन्थ्यो। मलाई डर लाग्थ्यो। मैले केही गर्न नसकेकोमा मलाई ठूलो चिन्ता हुन्थ्यो। घरेलु हिंसाले गर्दा मेरी आमा झ्यालखानाबाट भित्र बाहिर गरेकी थिइन्। मादक पदार्थ खाएर मोटर हाँक्दा र अरूहरूको कारणले मेरी आमा धेरै पटक झ्यालखानामा परेकी थिइन्। मेरो मन भित्रैदेखि रुन्थ्यो। घरको अवस्था देख्दा मेरो चित्त फाटिरहेको थियो। फेरि त्यसैबखत मेरो बुबा पनि घरमा धेरै बस्नुहुन्नथ्यो। उहाँ लुकिछिपी मेक्सिकोबाट अमेरिका आउनुहुँदा धेरै पल्ट पुलिसले समातेर देशबाट बाहिर घोक्राउँथे, तर उनी जसरीतसरी अमेरिकामा आइरहनुहुन्थ्यो। उहाँले मेरो जन्मदिन कहिल्यै पनि मनाउनुभएन। मेरो जीवन यसरी किन गुज्रिरहेको छ सो मलाई थाहा थिएन तर दिनदिनै अघि बढ्न परमेश्वरले मलाई साथ दिइरहनुभएको थियो। यस संसारमा मेरो भौतिक बुबा नभएतापनि मसँग स्वर्गको परमेश्वर पिता हुनुहुन्थ्यो जसले मलाई प्रेम गर्नुहुन्थ्यो।

मेरो विरक्त भावनालाई मभित्रै लुकाइ राख्न प्रयास गर्थें। सबैको सामु सबै ठिकै छ भनेर देखाउँथें। घरेलु हिंसा र तिती वातावरण मैले कसरी सहन

सकें भनेर कहिलेकाहीं सोध्थे। मेरा पिर र मर्काहरू अरू कसैलाई भन्न नपाउँदा कहिलेकाहीं मलाई धेरै गाऱ्हो हुन्थ्यो। जब म हुर्किन्दै गएँ मेरो स्वभाव पनि परिवर्तन हुन थाल्यो। मेरा भाइबहिनीहरूप्रति म कठोर हुन थालें। तिनीहरू र अरू साथीहरूसँग धेरै झगडा पनि गर्न थालें र बेलाबेलामा रमाइलो गर्न स्कूलमा पनि गएल भएँ। जीवनदेखि वाक्क लागेर गाँजा पिउन थालें। तर जब म १२ वर्षकी थिएँ तब म त मेराबाबुआमा जस्तो हुन मनलाग्दैन भन्ने महसुस भयो। तर के गर्ने सो मलाई थाहा थिएन।

एक वर्षपछि म होलब्रुसक सेभेन्थ-डे एडभेन्टिस्ट इन्डियन स्कूलमा नौकक्षामा भर्ना भएँ। स्कूलमा मैले येशूलाई माया गर्न सिकें। उहाँले मलाई कस्तो प्रेम गर्नुहुन्छ भनेर मैले स्कूलमा सिक्न थालें। मेरो जीवनमा दिक्क लाग्दो नराम्रा घट्नाहरू भएतापनि होलब्रुकमा आउन पाउँदा परमेश्वरको अगुवाइ भएको मैले महसुस गर्न थालें। मेरो जीवनको दृष्टिकोण परिवर्तन भयो। मेरो सबै दुःखकष्टमा परमेश्वर मसँग हुनुहुन्थ्यो भनेर मलाई महसुस भयो। यो कुरा मलाई पहिला थाहा थिएन। मेरो कठिनाइमा उहाँ मसँग हुनुहुन्थ्यो र त्यसको सामना गर्दा अघि बढ्न उहाँले बल दिइरहनुहुन्थ्यो। जुनसुकै निर्णय मैले गरेतापनि वा कहिलेकाहीं मर्न पनि खोजेतापनि उहाँ मेरो साथमा हुनुहुन्थ्यो।

बाइबलको मलाई मन पर्ने पद प्रस्थान १४:१४ हो जसमा लेखिएको छ, "तिम्रो निम्ति परमेश्वर लड्नुहुनेछ; तिमी केवल स्थिर रहो वा थामि राख" (रूपान्तरित)।

तपाईं जुनसुकै नराम्रो परिस्थितिमा जानुपर्ने भएतापनि तपाईंलाई परमेश्वरले विजयको जीवन दिनुहुनेछ तर त्यसको निम्ति तपाईंले तपाईंको जीवनमा परमेश्वरलाई काम गर्न दिनुपर्छ। उहाँको हातमा तपाईं हुनुहुन्छ, र तपाईंको निम्ति उहाँ लड्नुहुनेछ।

***यस जीवनमा तपाईं एक्लै हुनुहुन्न। म पनि एक्लो छैन।***